हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १३४ पृष्ठ : ४ २०७७ मंसिर २९ गते सोमबार (Monday 14 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• सखुवानन्कारकट्टीमा सार्वजनिक सुनुवाइ •

## 'स्थानीयस्तरको न्यायिक प्रक्रियामा सर्वसाधारणको अझै पुगेन पहुँच'








लहान । स्थानीयस्तरमा घट्ने घट्नाहरूमा न्यायिक प्रक्रियामा सर्वसाधारणको अझै पहुँच पुग्न नसकेको सरोकारवालाहरूले औंल्याएका छन् । त्यसैगरी उनीहरूले न्यायिक समितिको निष्पक्षतामा समेत प्रश्न उठाएका छन् । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाद्वारा आइतबार सखुवानन्कारकट्टी गाउँपालिकाको वडा नम्बर ३ मा 'स्थानीय स्तरमा घट्ने घट्नाहरूमा न्यायिक पहुँच र निष्पक्षता' सम्बन्धी आयोजित 'सार्वजनिक सुनुवाइ' कार्यक्रममा सहभागीहरूले न्यायिक प्रक्रियामा सर्वसाधारणको अझै पहुँच पुग्ने नसकेको औल्याएका हुन । सहभागीहरूले साधारण झै-झगडाका घट्नामा समेत बढ्दो राजनीतिक दबाबका कारण न्याय प्रक्रिया नै खलबलिने गरेको बताए । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी मोतिराम यादवले गाउँघरका सानातिना झैझगडामा राजनीतिक दल समावेश हुने गरेकैं कारण झगडिया पक्ष मिलिसक्दा समेत प्रहरी कार्यालयले न्यायिक प्रक्रियामा उल्झन दिने गरेको औल्याए । सार्वजनिक सुनुवाइ कार्यक्रममा बबिता यादवले तीन वटा बालबच्चा भएपनि पुरूषले

———बाँकी ३ पेजमा

## महामारीमा शिक्षामा परेको प्रभावबारे सम्वाद कार्यक्रम





लहान । कोभिडको महामारीमा शिक्षामा परेको प्रभावबारे आइतबार लहानमा सम्बाद कार्यक्रमको आयोजना गरिएको छ ।

शिक्षाको लागि राष्ट्रिय अभियान नेपाल जिल्ला समन्वय समिति सिरहाद्वारा आयोजित कार्यक्रममा महामारीमा शिक्षामा परेको प्रभाव तथा शिक्षा नीति २०७७ सम्बन्धी छलफल गरिएको थियो ।

समितिका संयोजक उमेश कुमार विसुन्केको अध्यक्षतामा

———बाँकी ३ पेजमा






Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229




फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## हाम्रो स्वास्थ्य

# किन जाडोमा धेरै रुघाखोकी लाग्छ, जोगिने कसरी ?

■ डा. विजय खरेल
(नाक, कान, घाँटी रोग विशेषज्ञ)

जाडोयाममा शरीरमा भाइरस बढी सक्रिय हुने भएकाले रूघाखोकी बढी लाग्छ । रूघाखोकीमात्रै होइन रूघाखोकीसँगै एलर्जी पनि हुन्छ। नाकभित्र संक्रमण अर्थात् पिनास हुन्छ । नाकमा बढी डिस्चार्ज (नाकबाट कुनै प्रकारको तरल पदार्थ आउनु वा बग्नु) आउने र नाक बन्द हुने हुन्छ ।

घाँटीमा टन्सिलको समस्याले स्वास फेर्न गाह्रो भएजस्तो हुन्छ । कसैकसैलाई दमको समस्या पनि अलि बढी हुने गर्छ। शरीरले एक्कासी चिसो सहन सक्दैन,जसले गर्दा जाडो समयमा भाइरसको किटाणु अलि बढी लाग्ने गर्छ ।

यसको धेरै अध्ययन त भइसकेको छैन तर जाडोमा शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई भाइरलले अलि चाडो आक्रमण गर्छ । रूघाले नाकलाई मात्रै अप्ठ्यारो पारेको हुँदैन । यसले कानमा पनि समस्या पार्छ । कानको सुन्ने शक्तिमा समेत अप्ठ्यारो पार्न सक्छ । रूघाखोकी लाग्दा ज्वरो आउने, खानेकुरा निल्न गाह्रो हुने अनि ज्यान करकर खाने हुन्छ ।

**रूघाखोकी लाग्दा के गर्ने?**

रूघाखोकी कस्तो खालको हो त्यसको आधारमा उपचार गर्नुपर्छ । कोही बिरामी हुन्छन्,जसलाई सधै रूघा लाग्छ भने त्यो एलर्जीले हो । धुलो,ढुसी चिसोले अनि कसैलाई फूलको एलर्जी, कुकुर बिरालोको एलर्जीले सधैभरि रूघा लाग्ने हुन्छ । यसका लागि जेबाट एलर्जी भएको हो,त्यहीबाट बच्नु नै पहिलो उपाय हो ।

हाम्रो समाजमा जतासुकै मेडिकल छन् । ज्वरो र रूघामा सिटामोल खानु सामान्य हो । तर त्योभन्दा बाहेक एन्टिबायोटिक खाइन्छ । बच्चाहरूलाई कडा औषधि खुवाउने,झोल औषधि अनि भिटामिन पनि दिइन्छ । यसले बिरामीको स्वास्थ्यमा असर पार्छ नै बच्चाहरूलाई पनि झन् समस्या हुन्छ । त्यस्तो भयो भने बिरामीलाई कडा भन्दा कडा एन्टिबायोटिक खुवाउन पर्छ ।

**रूघाखोकीबाट कसरी बच्ने ?**

रूघाखोकीबाट बच्न बाटोमा हिँड्दा समेत धुलोबाट जोगिनेगरी मास्क लगाएर हिँड्नु पर्छ । साधारण खाले रूघा छ भने घरेलु उपायले नियन्त्रण गर्न सकिन्छ ।

भाइरलको संक्रमण फैलिएको बेलामा विद्यालयमा जाँदा र अन्यत्र हिँड्दा जोगिनु पर्छ । साधारण खाले रूघाखोकीलाई घरमै उपचार गर्न सकिन्छ । तर रूघाखोकीसँगै नाकबाट पहेलो सिंगान आउने, नाक बेस्सरी बन्द हुने, घाँटीको समस्या आउने, कानमा पनि समस्या छ भने होसियारी अपनाउनुपर्छ । किनकी नाक, कान र घाँटीले एक आपसमा असर पारिरहेका हुन्छन् । बालबालिकाको हकमा त झनै ध्यान दिनुपर्छ ।

यदि बालबालिकालाई रूघाखोकी लागेको बेलामा कानमा पनि समस्या देखियो भने चिकित्सककहाँ जानुपर्छ ।

रूघाखोकी लाग्दा जे पनि बार्नुपर्छ भन्ने छ, त्यो गलत हो । रूघाखोकी लाग्दा बारेन भने टाइफाइड हुन्छ भन्ने होइन । झोलिलो र तागतिलो खाना सबै खान हुन्छ । तर एकदमै चिसो चिल्लो पिरो खानु हुँदैन । जुन खानाले अन्यलाई पनि असर गर्छ त्यो खान हुँदैन । **(डा.खरेल त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत छन् ।)**

# कोरोना महामारीमा विद्यालय शिक्षा : प्रभाव, असर र सिकाइ

मणिलाल विश्वकर्मा



संवैधानिक व्यवस्था बमोजिम आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन, परिचालन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दिइएपछि नगरपालिका र गाउँपालिका स्तरमा शिक्षाको संचालन, व्यवस्थापनसहित मा.वि. तहसम्मको शैक्षिक गतिविधिहरू स्थानीय तह केन्द्रित भएका छन् । विद्यालय भर्ना अभियान संचालन गर्नेदेखि भर्ना भएका विद्यार्थीलाई विद्यालयमा नियमित आउने बनाउन तथा विभिन्न शैक्षिक गतिविधि योजनाबद्ध रूपले संचालन गर्न स्थानीय तहहरूले शैक्षिक क्यालेण्डर निर्माण गरी त्यही अनुसार काम गरिरहेका छन् । शैक्षिक सत्रको अन्तिम महिना चलिरहेका बेला गत चैतको दोस्रो हप्तादेखि कोरोना संक्रमणको जोखिम घटाउन संघीय सरकारले मुलुकभर लकडाउन गरेपछि सिंगो मुलुक ठप्प बन्यो, साउनको पहिलो हप्तासम्म ।

**कोरोना, विद्यालय र विद्यार्थी**

२९ डिसेम्बर, २०२० मा चीनको बुहानबाट कोरोना भाइरस सुरू भयो । चीनको बुहानबाट नेपाल फर्केका एकजाना नेपाली विद्यार्थीमा सहिद शुक्रराज ट्रपिकल सेन्टरले ९ माघ २०७७ (२३ जनवरी, २०२०) मा परीक्षण गर्दा कोरोना पोजेटिभ पुष्टि भएयता २६ मंसिर २०७७ शुक्रबार बिहान ८ बजेसम्मको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार कोरोना भाइरसको संक्रमणले नेपालमा दुई लाख ४५ हजार छ सय ५० जना बिरामी भएकामध्ये दुई लाख ३१ हजार छ सय एक जना निको भएका छन् भने एक हजार छ सय ६३ जनाको निधन भएको छ । स्वास्थ्य कार्यालय सिरहाको २५ मंसिर २०७७ बिहीबार दिउँसोसम्मको तथ्यांक अनुसार सिरहा जिल्लामा एक हजार छ सय २२ जना कोरोना संक्रमित भएकामध्ये एक हजार पाँच सय ६४ जना उपचारपछि निको भएका छन् । कोरोना महामारीका बेला नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुनेगरी विद्यालय बन्द भए । (नयाँ पत्रिका : २१ जेठ, २०७७) । त्यसै गरी देशभरका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय क्रमशः २७,७२८, २,६०६ र १,१२१ गरी कुल ३५,०५५ विद्यालयहरूमा पठनपाठन प्रभावित भए –फ्ल्यास रिपोर्ट : २०१८/१९ ) । कोरोनाकै कारणले एसइइ परीक्षाको अन्तिम तयारीमा जुटेका करिब चार लाख पचासी हजार विद्यार्थी परीक्षा दिने अवसरबाट बञ्चित भएका थिए ।

**घरमै सवा दुई लाख बढी विद्यार्थी**

चैतमा परीक्षा संचालन गरी असारको पहिलो हप्ता नतिजा आइसक्ने एसइइ परीक्षा २०७६ को नतिजा अन्ततः राष्ट्रिय परीक्षा बोर्डले सम्बन्धित विद्यालयले गरेको मूल्यांकनलाई प्रमाणीकरण गरी भदौमा मात्र सार्वजनिक गर्‍यो । महामारीले गरिबी, बेरोजगारी बढाइरहेको सन्दर्भमा शिक्षा क्षेत्र पनि कोरोना कहरको कोपभाजनमा पर्‍यो । शैक्षिक क्यालेण्डर अनुसार शैक्षिक गतिविधिहरू भएनन् । देशभरका प्रायः सामुदायिक विद्यालयहरूमा भदौको अन्तिमसम्म स्थानीय तहहरूले क्वारेण्टाइन संचालन गरे फलस्वरूप विद्यार्थीहरू सुरक्षा सावधानी अपनाएर पनि विद्यालय जान पाएनन् । त्यसले बालबालिकाको शिक्षण सिकाइका प्रभावित हुनुका साथै विशेषगरी सीमान्तकृत बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र पोषणमा समेत नकारात्मक असर पर्‍यो । कोरोना महामारीका कारण सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गतिविधिमा समेत धनी र गरिब वर्गले प्राप्त गर्दै आएको शिक्षामा समेत ठूलो खाडल बन्ने देखिन्छ ।

प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान महाशाखाको Flash 1 प्रतिवेदन २०७५ अनुसार सिरहा जिल्लाका ५२१ बल विकास केन्द्र, कक्षा १ देखि ५ सम्मका ३५१, कक्षा ६ देखि ८ सम्मका ५३, कक्षा ९ देखि १० सम्मका ३७ र कक्षा ११ र १२ का ४५ विद्यालयहरू बन्द मात्र भएनन्, ३,९४६ जना शिक्षकहरू पनि आ–आफ्नै घरमा बसे । त्यस अवधिमा जिल्लाका १३,२९७ जना बालबलिका बालविकास, कक्षा १ देखि ५ सम्मका ७५,३२५, कक्षा ६ देखि ८ सम्मका २८,४०९, कक्षा ९ देखि १० सम्मका १७,३८९, कक्षा ११ र १२ का ९,३१९ गरी २,३२,३६१ जना विद्यार्थी आ–आफ्नै घरमा बस्न बाध्य भए । प्रदेश २ अन्तर्गतका आठ जिल्लामा रहेका ३,४८२ सामुदायिक विद्यालयहरू बन्द रहे ।

**बैकल्पिक शिक्षण सिकाइका लागि गरिनु पर्ने काम**

कोरोना संक्रमण स्थिर नभइरहेको अवस्थामा शैक्षिक व्यवस्थापन, सिकाइका विद्यामान विधि तथा तरिकाहरू, बैकल्पिक सिकाइका विभिन्न बिकल्पहरूको आवश्यक तयारी तथा पूर्वाधार विकास शुरूवात गरिनु पर्ने देखिन्छ । यो अप्ठ्यारोको बीचमा विद्यालय तहका बालबालिकाहरूलाई सिकाइमा कसरी निरन्तरता दिन सकिन्छ ? हामीसँग उपलब्ध रहेका र हुन सक्ने सम्भावित स्रोत सामग्रीको अधिकतम प्रयोगबाट सिकाइमा सहजता कसरी ल्याउन सकिन्छ ? सम्भाव्य वैकल्पिक उपायहरू के के हुन सक्छन ? समग्र विश्व परिवेश नै यस्तै अवस्थाबाट गुज्रिरहेको सर्न्दभमा शैक्षिक सहजीकरणको लागि अन्यत्र भएका अभ्यास तथा प्रयास र प्रयोग गरिएका विकल्पहरू के के छन् ? शिक्षक, विद्यार्थी तथा अभिभावक, स्थानीय सरकार र सरोकारवालाहरूले सकारात्मक सोचका साथ सम्भाव्य विकल्पहरूको प्रयोगको लागि आ–आफ्नो भूमिका निर्वाह गर्न सकियो केही भएपनि विद्यार्थीहरूको सिकाइ सहजीकरणलाई निरन्तरता दिन सकिन्छ ।

- संक्रमण फैलिने क्रम नरोकिएकाले तत्काल विद्यालय खोलेर कक्षाकोठाकाँ बअभ तयँबअभ पद्धतिको विकल्पमा खुला तथा दूर सिकाइको प्रयोग ।
- सम्भव भएसम्म टेलिफोन तथा मोबाइलको उपयोग, स्थानीय एफ.एम.मार्फत् रेडियो शिक्षा, राष्ट्रिय तथा स्थानीय टेलिभिजनमार्फत् पाठ्य सामाग्री प्रसारण ।
- विद्यार्थीको स्वाध्यायन सामग्रीको उपलब्धता र अनलाइन कक्षा ।
- प्रविधिको सहज उपलब्धता र पँहुच ।
- एउटै टोल वा छिमेकमा बस्ने विद्यार्थीहरूलाई कक्षागत रूपमा समूह विभाजन गरी विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूसँगको समन्वयमा गरिब बिपन्न बस्तीमा सुरक्षा सावधानी अपनाएर अतिरिक्त कक्षाको व्यवस्था ।
- हाम्रो परिवेशमा परम्परागत सिकाइ पद्धतिको अभ्यास गरिरहेका शिक्षक, विद्यार्थी तथा अभिभावकहरू र शैक्षिक सरोकारका सबै निकायहरू सिकाइमा सूचना र प्रविधि सम्बन्धी जानकारी र त्यसको सकारात्मक उपयोग ।
- दैनिक रूपमा सञ्चालन हुने दूर शिक्षा तथा बैकल्पिक विधिहरूको बारेमा विद्यार्थी तथा अभिभावकहरूलाई जानकारी ।
- शिक्षणमा सूचना तथा प्रविधिको प्रयोगलाई जोड दिदै संघ, प्रदेश तथा स्थानीय सरकारद्वारा विद्यालयहरूमा् सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना र शिक्षकहरूलाई आंशिक रूपमा सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । विचार पुर्याएर निर्णय लिनु राम्रो होला । दाम्पत्य जीवनमा एक किसिमको निरासता आउन सक्छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्न सक्छ । परिश्रम अनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- शुभकार्यको चर्चा चल्नेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**कर्कट** :- धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । जग्गा जमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ ।

**सिंह**:- आज लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । स्वास्थ्य पनि सबल नै रहनेछ ।

**कन्या** :- रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । आर्थिक र व्यवसायिक समस्या समाधान हुनेछन् । शत्रु पनि क्षय होलान् ।

**तुला** :- रमणीय र सुखद् यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**वृश्चिक** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ ।

**धनु** :- आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। दबाब र तनाव बढेको महसुस हुनेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ। कार्य सम्पादनमा समस्या आउला।

**मकर**:- आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । रोकिएका काम पुनः सुरू हुन सक्छन् ।

**कुम्भ**:- आज तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ ।

**मिन** :- लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । मित्रताको बन्धन कसिनुका साथै सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।

# नयाँ चालक अनुमतिपत्र अझै दुई महिना नखुल्ने

**काठमाडौं ।** नयाँ सवारी चालक अनुमतिपत्र अझै दुई महिना नखुल्ने भएको छ । नौ महिनादेखि बन्द रहेको सेवा तत्काल खुलाउँदा धेरै सेवाग्राहीको भीड लाग्ने र संक्रमण फैलनसक्ने भनी तत्काल नखुलाउने गरी छलफल अघि बढेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको यातायात व्यवस्था विभागले प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयसँगको छलफलमा तत्काल खुलाउन नहुने भन्दै अझै केही महिना रोक्ने गरी योजना बनाइएको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताए । उनका अनुसार पुस र माघ महिनाभर अनुमतिपत्र खुला नगर्ने योजना बनाइएको छ । उनले भने, 'त्यसपछिको अवस्था हेरेर निर्णय गरिनेछ ।'

लामो समयसम्म अवरुद्ध भएकाले तत्काल खुलाउँदा सेवाग्राहीको धेरै भीड हुनसक्ने देखिएको प्रवक्ता डा. भुसालले बताए । नयाँ अनुमतिपत्रका लागि परीक्षा लिने र वितरणको काम प्रदेश सरकारले गर्ने भए पनि छाप्ने काम र त्यसको 'अनलाइन सिस्टम' विभागसँग हुन्छ । त्यसैले पनि प्रदेश सरकारले विभागसँगको समन्वयमा मात्रै नयाँ अनुमतिपत्र खुलाउने उनको भनाइ छ । धेरै सेवाग्राहीले 'अनुमतिपत्र कहिले खुल्छ' भन्दै विभागमा चासो राखेपछि सम्बन्धित प्रदेशमा नै बुझ्न भनिएको उनले बताए ।

प्रदेशले पनि हतारमा खुलाउनेभन्दा तत्काल स्वास्थ्य सुरक्षामा ध्यान दिनुपर्ने धारणा राखेका छन् । उनले भने, 'सेवाग्राहीले हतार गरे पनि सङ्घीय सरकार र प्रदेश सरकार दुवैले अहिले नखुलाउने सोचेका छन् ।' विश्वव्यापीरूपमा फैलिरहेको कोभिड–१९ संक्रमण नेपालमा समेत देखिन थालेपछि सरकारले गत चैतमा बन्दाबन्दी लागू गर्ने निर्णय गरेको थियो । चार महिनासम्म ठप्प भएको सरकारी कार्यालय असारमा मात्रै खुलेका थिए । असारमा यातायात कार्यालयले नवीकरण र वितरण शुरू गरे पनि नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिएका छैनन् ।

विगतमा वर्षमा सेवाग्राहीले अनुमतिपत्र लामो समयसम्म नपाउने गरेकामा यो वर्ष भने विभागले पुरानो बाँकी अनुमतिपत्र छापिसकेको छ । विभागले 'मास प्रिन्टर' बाट झण्डै आठ लाख अनुमतिपत्र छपाइ गरेको थियो । पहिले सेवाग्राहीले लामो समय बित्दा पनि अनुमतिपत्र पाएका थिएनन् भने अहिले धेरैले चाहेर पनि अनुमतिपत्रका लागि परीक्षा दिन पाएका छैनन् । सवारी तालीम केन्द्रले भने अनुमतिपत्र चाँडै खुल्ने भन्दै प्रशिक्षण दिइरहेका छन् । रासस

# आफ्नो पसिनाको मूल्य पाउन संघीय राजधानी आएर प्रदर्शन गर्नुपर्ने ?

**काठमाडौं ।** विवेकशील साझा पार्टीले सरकारसँग उखु किसानहरूको समस्या तत्काल समाधान गरी किसानहरूको पक्षमा निर्णय गर्न ध्यानाकर्षण गराएको छ । आइतबार विज्ञप्ति जारी गर्दै विवेकशील साझा पार्टीले आन्दोलन गर्न काठमाडौं आएका उखु किसानहरूको संघर्षमा ऐक्यवद्धता पनि जनाएको छ । 'उखु किसानहरूले आफ्नो उत्पादन बिक्री गरेको वर्षौंदेखिको बक्यौता रकम उठाउन गरिरहेको संघर्षमा विवेकशील साझा पार्टी पूर्ण ऐक्यबद्धता व्यक्त गर्दछ । आफ्नो पसिना र परिश्रमको प्रतिफल पाउनसमेत सयौं किलोमिटर टाढा संघीय राजधानी आएर प्रदर्शन गर्नुपर्ने दुःखदायी परिस्थितिका लागि मूलतः सरकार जिम्मेवार छ,' विज्ञप्तिमा भनिएको छ । गत वर्ष पुस १८ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक महिनाभित्रै चिनी उद्योगीहरूबाट किसानहरूलाई भुक्तानी दिलाइदिने सहमति गरेपनि त्यसको पूर्ण कार्यान्वयन नगर्नु र उखु किसान पुनः आन्दोलनका लागि काठमाडौं आएको थाहा पाएर सरकारले चिनी उद्योगी खोज्न थाल्नु खेदजनक भएको जनाइएको छ ।

विवेकशील साझा पार्टीले सरकार आम किसानलाई न्याय दिलाउने पक्षमा छ भन्नेमा आशंका उब्जिएको बताएको छ । कृषकहरूको उत्थानका लागि कृषि उपजहरूको उपयुक्त न्यूनतम समर्थन मूल्य तोकी खरिद र तत्काल भुक्तानीसमेतको ग्यारेन्टी सरकारले गर्नुपर्ने पनि माग गरिएको छ ।

## स्थानीयस्तरको ...

अर्को विवाह गरिदिंदा महिलाहरू बहुविवाहबाट प्रताडित हुनुपरेको सुनाइन । 'महिलाले घर परिवार र बालबच्चा स्याहारिरहँदा पनि बहुविवाहको मार खेप्नु परेको छ,' उनले भनिन्, 'यसले गर्दा पनि महिलाहरू अझै पनि न्यायबाट बञ्चित हुनुपरेको अवस्था छ, महिलाहरू न्यायिक पहुँच भन्दा अझै पनि टाढा रहेको पुष्टि हुन्छ ।' कार्यक्रममा रूपेश सदाय र भोलीदेवी सदायले जातीय विभेद तथा छुवाछूतसम्बन्धी कानुन बनेपनि व्यवहारमा लागू नभएको बताए । कार्यक्रममा सखुवानन्कारकट्टी–३ मिर्जापुरका रूपेश सदायले मुसहर समुदायबाट एसइइ पास गरेर उच्च शिक्षाका लागि गोलबजारस्थित जयगोविन्द साह पोलिटेक्निकल इन्स्टिच्युटमा कृषि बाली विज्ञानमा नाम निकालेर अध्ययन गर्ने मौका मिलेपनि दलित मुसहर जाती भएकै कारण गोलबजारमा डेरा भाडा नपाउँदा पढाईबाट बञ्चित हुने अवस्था सृजना भएको दुःखेसो पोखे । 'डेरा नपाउनु घटनाले अझै पनि हामीमाथि जातीय विभेद र छुवाछूत कायम छ भन्ने पुष्टि हुन्छ,' उनले भने । कार्यक्रममा महिला सञ्जाल सखुवानन्कारकट्टीका कोषाध्यक्ष समेत रहेकी भोलीदेवी सदायले सोठियाइनको सहमिलमा दलित मल्लिक डोम समुदायका युवाहरूलाई दलित भएकै कारण कामबाट बञ्चित गरेको सुनाइन । महिला सञ्जाल सखुवानन्कारकट्टीका उपाध्यक्ष भगवती पौडेलले गाउँघरमा महिलाहरू अझै पनि घरेलु हिंसा लगायत बहुविवाह खेप्न बाध्य भएको बताइन् । कार्यक्रममा सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष महेन्द्र प्रसाद यादवले न्यायिक पहुँचका लागि अझ दलित, गरिब समुदायको न्यायमा पहुँचका लागि आफूले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए । तर, उनले गाउँघरमा बालबालिकालाई शिक्षाका लागि सबै अभिभावक सजग हुनुपर्ने औल्याए । 'शिक्षा नै समाजको मेरूदण्ड हो,' उनले भने, 'शिक्षाले चेतना जगाउने र शिक्षा प्राप्तिपछि न्यायिक प्रक्रियाका अवयवहरू बुझ्न सक्ने भएकाले हाम्रो समाजले शिक्षालाई जोड दिनु आवश्यक छ ।' कार्यक्रममा सखुवानन्कारकट्टी गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक अमलादेवी यादवले न्यायिक समितिले पाएको अधिकार अनुरूप न्यायमा पहुँचका लागि कुनै कसर बाँकी नराख्ने बताइन । उनले न्यायिक समितिमा परेका उजुरीका बारेमा निष्पक्षा छानबीन गरि न्याय दिने प्रयास गरिएको र आगामी दिनमा समेत न्याय दिलाउनका लागि कुनै सम्झौता नगरिने प्रतिबद्धता जनाईन । कार्यक्रम संयोजक जयराम विश्वकर्माले सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्धेश्यको बारेमा जानकारी गराएका थिए । अध्यक्षतामा सार्वजनिक सुनुवाई कार्यक्रमको अध्यक्षता नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासवानले गरेका थिए ।

## महामारीमा ...

भएको सम्बाद कार्यक्रममा सञ्चारकर्मी मणिलाल विश्वकर्माले 'कोरोना महामारीमा विद्यालय शिक्षा : प्रभाव, असर र सिकाइ' सम्बन्धी अवधारण पत्र प्रस्तुत गरेका थिए । शैक्षिक सत्रको अन्तिम महिना चलिरहेका बेला गत चैतको दोस्रो हप्तादेखि कोरोना संक्रमणको जोखिम घटाउन संघीय सरकारले मुलुकभर लकडाउन गरेपछि सिंगो मुलुक ठप्प बनेसँगै शैक्षिक क्षेत्रको पठनपाठन कोपभाजनमा परेको औल्याए । सञ्चारकर्मी विश्वकर्माले प्रस्तुत गरेको कार्यपत्रमा 'कोरोना, विद्यालय र विद्यार्थी,' 'घरमै सवा दुई लाख बढी विद्यार्थी' र 'बैकल्पिक शिक्षण सिकाइका लागि गरिनु पर्ने काम' का बारेमा उल्लेख गरिएको थियो । त्यसैगरी कार्यक्रममा कोभिड–१९ को सन्दर्भमा 'विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७' विषयमा सिरहा नगरपालिकाका शिक्षा शाखाका काशिन्द्र यादवले सहजीकरण गरेका थिए ।

जिल्लाको धनगढीमाई नगरपालिका, सखुवानन्कारकट्टी गाउँपालिकाका शिक्षा संयोजक, लहान नगरक्षेत्रका विभिन्न विद्यालयका प्रअहरूको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि लहान नगरपालिकाका उपप्रमुख सरियार चौधरीले कोभिड महामारीका बेला राहत मात्र माग गर्ने गरेको तर बालबालिकाको पठन पाठन र भविष्यमाथि अभिभावक, सञ्चारकर्मी, अधिकारकर्मी लगायत कुनै क्षेत्रले समेत नसोच्दा दु :ख लागेको बताइन । उनले शिक्षा क्षेत्रका लागि आगामी दिनमा गर्नुपर्ने कामको बारेमा आफू लागिपरेको बताइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# 'बिर्कोमा लाको चिनीमा कसरी पस्यो माफिया'







गतवर्ष पुस १८ गते उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले उखु किसानसँग लिखित सम्झौता गर्‍यो– माघ ७ गतेभित्र सम्पूर्ण बक्यौता दिलाउने । माघको त्यो कठ्याङ्ग्रिदो जाडोमा काठमाडौं आएर आन्दोलन गर्न बाध्य किसानलाई पाँचबुँदे सहमति गराउन त सरकार सफल भयो तर आफूले गरेको सम्झौता भने कार्यान्वयन गर्न सकेन । किसानले उक्त सहमति कार्यान्वयनको आशामा एकवर्ष बिताए ।

बारम्बार ताकेता गर्दा पनि किसानले बक्यौता पाएनन् । तीन साताभित्र सम्पूर्ण बक्यौता उठाइदिने सम्झौता गरेको सरकारले एकवर्ष पूरा हुनै लाग्दासमेत पैसा दिलाइदिन नसकेपछि सर्लाहीबाट किसानहरु पुनः काठमाडौं आएर शान्तिपूर्ण धर्नामा बस्न बाध्य भएका हुन् ।

यसपटक भने उनीहरूले उधारोमा सहमति नगर्ने अडान लिएका छन् । 'हामी अनसन बस्यौं, गतवर्ष यहीँ आएर आन्दोलन गर्‍यौं । सरकारले पैसा दिलाइदिन्छु भनेर सहमति गरायो तर पनि हामीले पैसा पाएनौं, अब पैसा नलिइ गाउँ फर्कदैनौ,' सर्लाहीका उखु किसान गगनदेव रायले भने । उनले किसानको विषयमा कसैले पनि मतलब गरेको दुखेसो पोखे । 'दुईचारजना नेतालाई पैसा दिएपछि उनीहरु पनि हाम्रो पक्षमा बोलेनन् । हाम्रो कुनै विकल्प नभएर नै आन्दोलन गर्न काठमाडौं आएका हौं,' उनले भने ।

चुनावको बेलामा भोट माग्न घरघरमा आउने नेताहरु अहिले किसान मरून् कि बाँचुन् केही मतलब नगरेको अर्का किसान रामेश्वरप्रसाद यादवले बताए । 'नेताहरूलाई के मतलब, चुनावको बेलामा भोट माग्न मात्रै आउँछन् । किसानको खेत जाओस् कि ज्यान जाओस् उनीहरूलाई मतलब छैन । दुईचारजना नेतालाई दलालीले पैसा दिन्छन्, सबै चुप छन्,' उनले आक्रोस पोखे ।

आफ्नो रकम पाउन उनीहरू कहिले जिल्लामा अनसन बसे, कहिले काठमाडौंमा आएर सडकमा बसे तर पैसा पाएनन् ।

'जिल्लामा अनसनमा बस्यौं, पैसा मिल्छ भनेर कागज गराए । कागज गराएपछि केही मतलब गरिएन । यहीँ आएर आन्दोलन गर्‍यौं, पैसा पाइएन । अहिले फेरि यहाँ आएका छौं,' यादवले भने ।

सर्लाही सिसौटियाका गौरीशंकर पण्डितले सरकारले किसानलाई नहेरेको बताए । जसले दलाली गरेको छ, उसले पैसा पाएको तर जो बास्तविक किसान हुन् उनीहरूले बक्यौता नपाएको उनले बताए । 'जो दलाली काम गर्छ उनीहरूलाई दियो, जो किसान हो उसलाई पैसा दिएन,' उनले भने ।

**पैसा छैन, छोरीको विवाह कसरी गर्नु !**

१४ वर्षदेखि उखु उत्पादनमा लागेका पण्डित अहिले ५० वर्षका भए । छोरी १२ कक्षा पढेकी र विवाह गर्ने उमेर भइसक्दा समेत पैसा नहुँदा विवाह गराउन नसकेको उनले बताए । 'छोरी २०–२२ वर्षकी भइन् । विवाह गर्ने बेला भएको छ, विवाह गराउन पैसा छैन,' उनले भने, 'पैसा आज आउँछ, भोलि आउँछ, एक महिनामा आउँछ भन्दाभन्दै आज चारवर्ष भयो पैसा नपाएको । साहुसँग ऋण लिँदा कागज गर्ने भएकाले साहुले जसरी पनि पैसा लिन्छन् तर, उधारोमा उखु दिँदा हामीले धेरै दुःख पायौं ।'

अर्का किसान यादव आफूसँग पैसा नभएपछि पाँचहजार ऋण लिएर आन्दोलन गर्न काठमाडौं आएको बताए । 'आन्दोलन गर्न पाँच हजार ऋण लिएर आएको छु । जबसम्म पैसा मिल्दैन, तबसम्म गाउँ जादैनौं,' उनले भने ।

उनले एकलाख ७२ हजार रूपैयाँ लिन बाँकी छ । त्यो रकम पाउन उनी कहिले अनसन त कहिले आन्दोलन गर्न काठमाडौंसम्म आए तर पैसा पाएका छैनन् । 'माग्दा दिन्छु दिन्छु भन्छ तर दिँदैन । चारवर्षदेखिको रकम बाँकी छ । सरकारले पनि दिलाउँछु दिलाउँछु भन्छ, तर दिलाउँदैन । पैसाको ब्याजमात्रै पाँचलाख पुग्न लागिसक्यो । खेत बेचेर ऋण तिर्नुपर्ने भएको छ,' उनले भने ।

आइतबार काठमाडौंको माइतीघरमा विरोध प्रदर्शन गर्न आएका किसानहरूले बोकेको प्लेकार्डमा 'बिर्कोमा लाको चिनीमा कसरी पस्यो माफिया', 'सानो छ खेत, सानो छ बारी सानै छ जहान, सानो छ देश, ठूलो छ सरकार, अटेन किसान' लगायतका नारा थियो । उनीहरूले श्रम पसिनाको मूल्य पाउनुपर्ने माग गरेका थिए । आफूहरूको पेट खाली किसानको मर्का बुझिदिन आग्रह गरेका थिए । *हिमाल पौडेल/बाह्रखरीबाट*

## उखुको समर्थन मूल्य प्रतिक्वीन्टल ८ रुपैयाँ बढाउने सरकारको निर्णय

*किसानले काठमाडौंमा आन्दोलन गर्न अघि सरकारले यस वर्ष उखुमा प्रतिक्वीन्टल ८ रूपैया बढाउँदै न्यूनतम् समर्थन मूल्य तोकेको छ ।*

*बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उखुको प्रतिक्वीन्टल न्यूनतम् समर्थन मूल्य ५ सय ४४ रूपैयाँ ३३ पैसा तोकेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।*

*उखुको नयाँ समर्थन मूल्य यसअघिको भन्दा ८ रूपैयाँ प्रतिक्वीन्टलले मात्र बढी गरेकमा उखु किसानले भने असन्तुष्टी जनाएका छन् ।लागत, ढुवानी र मुनाफा जोडेर कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको सिफारिश मन्त्रिपरिषदमा पेश गरिएअनुसार निर्णय लिइएको हो ।*

*नयाँ मूल्यमा लागत ३८६ रूपैयाँ १६ पैसा, ढुवानी खर्च तथा मुनाफा ९२ रूपैयाँ ८९ पैसा र सरकारले दिने प्रतिक्वीन्टल अनुदान ६५ रूपैयाँ २८ पैसा रहेको मन्त्रालयकी उपसचिव एवं सहप्रवक्ता उर्मिला केसीको भनाइ छ ।*

*सरकारले तोकेको उखुको नयाँ मूल्यप्रति आपत्ति जनाउँदै नेपाल उखु उत्पादक महासंघले यो किसानलाई खेतीबाटै विस्थापित गर्ने चाल भएको जनाएको छ । चिनीको मूल्य एक किलोमा ३२ रूपैयाँले बढ्दा उखुको मूल्य भने निकै कम मात्रामा बढाउनु स्वीकारयोग्य नभएको महासंघका अध्यक्ष कपिलमणि मैनालीको भनाइ छ ।*

*मैनालीले उखुको न्यूनतम् समर्थन मूल्य तोक्दा सरकार चिनी उद्योगीसामु झुकेको आरोप पनि लगाए ।*


## माइग्रेशन हराएको सुचना

धनगडीमाई नगरपालिका–१३ देखि लहान आउने क्रममा यहि मिति २०७७ साल कार्तिक २ गतेका दिन केदार काफ्ले नाम गरेको माइग्रेशन सर्टिफिकेट ( सिम्वल नम्बर २२७०७७५७ ) हराएको हुनाले पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८४२८४०७०१ मा सम्पर्क गरि बुझाईदिनहुन हार्दिक अनुरोध गरिन्छ।

अनुरोधकर्ता

केदार काफ्ले

धनगडीमाई नगरपालिका–१३

## नविकरणको म्याद थप सम्बन्धि सूचना ।

विश्वमा महामारीको रुपमा फैलिएको कोभिड–१९ को कारण समयमा सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र स्ट ईजाजतपत्र नविकरण गर्न नसकिएकाहरुको लागी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार काठमाडौंको पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७७।०८।१५ गतेको निर्णयानुसार सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरणको म्याद मंसिर मसान्त सम्म थप गरिएको व्यहोरा सबैमा जानकारीको लागी अनुरोध छ ।

प्रदेश सरकार
प्रदेश नं. २
यातायात व्यवस्था कार्यालय
लहान, सिरहा

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)